जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १८ पृष्ठः ४ | २०८३ बैशाख २३ बुधबार (Wednesday 06 May 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## वडाअध्यक्षसँगको मिलेमत्तोमा मन्दिरको जमिन अवैध उत्खनन्, सडक निर्माण कम्पनीलाई सजिलो



सिरहा, २२ बैशाख। सरकारले सार्वजनिक सम्पति संरक्षण गर्न धमाधम सुचना काट्ने र बस्ति भत्काउने कार्य गरिरहेको बेला सिरहाको गोलबजारमा भने जनप्रतिनिधीकै मिलेमत्तोमा सार्वजकि जमिनको माटो किन बेच भईरहेको छ। गोबजार नगरपालिका १२ असनपुर चौरीमा रहेको रामजानकी मन्दीरको जग्गाबाबाट वडा अध्यक्ष गणेश मुखियाले निर्माण कम्पनीसँगको मिलेमत्तोमा माटो विक्रि गरेको हो।

वडा अध्यक्ष मुखियाले मन्दिरका पुजारी विहारी दास (मुखिया)सहित स्थानीय केही व्यक्तिहरुलाई प्रभावमा पारेर मन्दिरको नाममा रहेको खेतियोग्य जग्गाको माटो सडक निर्माण कम्पनीलाई विक्रिगरेको स्थानीयको आरोप छ। मन्दिरको जग्गामा दाँईमाडी गर्न पल्केका वडा अध्यक्ष मुखियाले हुँदा-हुँदा माटोसमेत बेचेको उनीहरुको भनाई छ। स्थानीय सुरेन्द्र मण्डलले पछिल्लो करिव १० दिनदेखि माटो खन्ने, ओसार्ने र नजीकै निर्माणधिन बाटोमा लगाउने कार्य भईरहेको भएपनि वडा अध्यक्षको मौनताले माटो विक्रिमा वडा अध्यक्षको संलग्नता प्रस्ट देखिएको बताए।

उनले भने, 'मन्दिरमा एउटा पात हल्लिदा पनि जानकारी हुने, सोधिखोजी गर्ने वडा अध्यक्षलाई दिनदहाडै दर्जनौं ट्याक्टर र जेसीभी लगाउँदा पनि देखिन, जानकारी भएन भन्नु सफेद झुठ हो। उहाँलाई सवै जानकारी छा उहाँकै निर्देशनमा सवै भईरहेको छ।'

अर्का स्थानीय राजकुमार मुखियाले पनि आफूले पछिल्लो १०१२ दिनदेखि रातको समयमा समेत माटो खन्ने गरेको देखेको बताए। उनले वडा अध्यक्षकै मिलेमत्तोमा खनिएको हुन सक्ने बताए। उनले भने, 'मन्दिरको विषयमा वडाअध्यक्षले राम्रै चाँसो दिएको देख्छु माटो पनि उहाँले नै खनाएको हुनुपर्छ।' वडा अध्यक्ष मुखियाले भने आफूलाई माटो

-बाँकी तीन पेजमा

## वर्षाले मकैखेती फस्टाउँदै, उत्पादन बढ्ने आशामा किसान



उदयपुर, २२ वैशाख। खडेरी हुने महिना चैत वैशाखमै निरन्तर वर्षा भएपछि मकैबाली लगाएका किसान उत्पादन बढ्ने आशामा उत्साहित भएका छन्। उपयुक्त समयमा पानी परेपछि यहाँको तराई र पहाडी क्षेत्रमा मकैबाली फस्टाएको छ। रौतामाई गाउँपालिका-२ भुटारका किसान देवराज दाहाल भन्नुहुन्छ, "यसपटक मकै छर्ने बेलादेखि वर्षा भइरहेका कारण मकै छर्न र गोड्नसमेत सहज भएको छ, मकैबाली उत्पादन बढ्ने आशा छ।"

त्यसैगरी चौदण्डीगढी नगरपालिका-५ सुन्दरपुरका किसान चन्द्रकान्त चौधरीले निरन्तर वर्षा भइरहेकाले मकै उत्पादन बढ्ने बताउनुभयो। त्रियुगा नगरपालिका-१६ सुकौराका किसान तेजबहादुर बलम्पाकी मगर भन्नुहुन्छ, "यसपटक

-बाँकी तीन पेजमा

## पुथा उत्तरगङ्गाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृतसहित ८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं, २२ वैशाख। रुकुमपूर्वको पुथा उत्तरगंगा गाउँपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत बशिष्टनारायण यादवसहित ८ जनाविरुद्ध विशेष अदालत काठमाडौंमा मुद्दा दायर भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यादव, वडा नं. १२ का तत्कालीन अध्यक्ष गंगाबहादुर पुन लगायत ८ जनाविरुद्ध सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको भन्दै अदालतमा आरोपपत्र दायर गरेको हो। पुथा हिमालयन अर्गानिक कृषि प्रालि उपर कागती पकेट विकास कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको आरोप आयोगले उनीहरूमाथि लगाएको छ। यादव, पुन, गाउँपालिकाका तत्कालीन इन्जिनियर खुवीराज शाही, सबइन्जिनियर कमलप्रसाद केसी, तत्कालीन योजना शाखा प्रमुख चित्रबहादुर केसी, सहलेखापाल नवराज खड्का र पुथा हिमालयन बहुउद्देश्यीय कृषक समूहका अध्यक्ष सुजन पुनविरुद्ध आयोगले जनही ९ लाख ६७ हजार ३७८ रुपैयाँ बिगो दाबी गरेको छ। आर्थिक वर्ष २०७७/७८ मा पुथा उत्तरगंगा गाउँपालिका-१२ मा रहेको बंगुर फर्म निर्माणका लागि सम्झौता गरी फिल्डमा नभएको काम भएको भन्दै बढी मूल्यांकन गरी ९ लाख ६७ हजार ३७८ रुपैयाँ भुक्तानी लिएर सरकारी सम्पत्ति हिनामिना गरेको आयोगको आरोपपत्रमा उल्लेख छ। यसैगरी प्रमुख प्रशासकीय अधिकृत यादव, वडाध्यक्ष पुनसहितले सोही वडाको कृषि फर्म निर्माणमा पनि अनियमितता गरेको भन्दै आयोगले मुद्दा दायर गरेको छ।

आर्थिक वर्ष २०७७/७८ मा कागती पकेट विकास कार्यक्रमको योजना बनाउँदा फिल्डमा नभएको भन्दा बढी मूल्यांकन गरी ११ लाख ६९ हजार ७६० रुपैयाँ भुक्तानी लिएर हिनामिना गरेको आयोगको आरोपपत्रमा उल्लेख छ। प्रमुख प्रशासकीय अधिकृत यादव, वडाध्यक्ष पुन, इन्जिनियर शाही, सबइन्जिनियर केसी, योजना प्रमुख चित्रबहादुर, कृषि प्राविधिक ओमप्रकाश ओली, सहलेखापाल खड्का र पुथा हिमालयन अर्गानिक कृषि प्रालिका अध्यक्ष सुजन पुन विरुद्ध जनही ११ लाख ६९ हजार ७६० रुपैयाँ बिगो दाबी गरिएको छ।



**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।

- सामाजिक सञ्जालमाः
- जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुर्‍याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुर्‍याउने,
- जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,
- जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, हयासट्याग गर्नु हुँदैन। यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन्।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## अव्यवस्थित बसोबास समाधानको मानवीय उदाहरण

कानुन कार्यान्वयनका नाममा राज्य निर्मम र संवेदनहीन नभएर पनि कानुनको सही कार्यान्वयन गर्न सक्छ भन्ने एउटा उदाहरण विराटनगर महानगरपालिकाले देखाएको छ। मोरङको मनलवामा बसाइएको 'सम्पन्न बस्ती' सम्भवतः अव्यवस्थित र अनधिकृत बस्तीको समस्याको स्थायी, सम्मानजनक, व्यवस्थित र मानवीय समाधान हुनसक्ने देखिन्छ। विराटनगर महानगरपालिका-१२, मनलवाको 'सम्पन्न बस्ती'मा करिब डेढ सय घरपरिवारलाई नयाँ घरमा सारिएको छ। वर्षौंसम्म खोला किनारका भुप्राहरूमा बाढीको चिन्तासँगै बस्दैआएका १४५ परिवार मुसहरहरूलाई अहिले प्रतिपरिवार १० धुर जग्गा र राज्यले नै निर्माण गरिदिएको पक्की घरमा सरेका छन्। घर बनाउन ६ लाखभन्दा केही बढी रकम लागेको बताइएको छ ।

नवनिर्मित घरभित्र भान्सा, दुई कोठा, बरन्डादेखि बाहिर व्यवस्थित चर्पी र स्नानगृह, खेल्ने चौर, ज्येष्ठ नागरिकका लागि विश्रामस्थल एवं सामुदायिक भवनजस्ता पूर्वाधार निर्माण गरिएको छ। बस्दैआएको ठाउँबाट यस बस्तीमा उनीहरूलाई सार्न प्रहरी लगाउन परेन। यस्तै, कुनै बालबालिकाको विद्यालय छुटेन भने कसैले आत्महत्या पनि गरेका छैनन्।

यो सफलताको श्रेय समुदाय, विराटनगर महानगरपालिकालगायत तीनै तहका सरकार गैरसरकारी संस्थाहरू र वित्तीय संस्थाको साझेदारीलाई जान्छ। महानगरले ९० लाख रुपैयाँ बजेट उपलब्ध गरायो भने १० लाख रुपैयाँ बराबरको श्रमदान समुदायले गरेको थियो। गैरसरकारी संस्थाले प्राविधिक सहयोग र लघुवित्तले सस्तो ब्याजमा सामूहिक ऋणको व्यवस्था मिलाउँदा यस्तो उदाहरणीय काम भएको हो। जग्गा र घरको स्वामित्व पाएका पहिलेका भूमिहीन मुसहरहरूले अहिले नियमितरूपमा ऋणको किस्ता तिरिरहेका छन्। सम्भवतः उनीहरू छिटै नै ऋणबाट पनि मुक्त हुनेछन्। उनीहरूलाई घर निर्माणमा रोजगारी पनि दिइएको थियो। यसबाट किस्ता तिर्न र परिवारको गुजारा चलाउन सहज भयो। अब कम्तीमा यिनीहरू अर्को ठाउँमा अनधिकृतरूपमा बस्न बाध्य हुनेछैनन्।

अहिले काठमाडौं उपत्यका लगायत विभिन्न ठाउँमा गरिएको 'उठीबास' लगाउने अभियान अस्थायी सामाधान हो। छिटै उपयुक्त व्यवस्था मिलाउन राज्य असफल भए उनीहरू गुजारा चलाउन अर्को ठाउँमा सर्न बाध्य हुनेछन्। तर विराटनगर मोडेलले भने भूमिहीन परिवारको जीवनमा स्थायी सुरक्षा र सम्मानका साथ समाजको मूलप्रवाहमा जोड्नेछ। विराटनगर-१२ मनलवाको बस्तीले सिकाएको अर्को पाठ मानव बस्तीमा मानवोचित पूर्वाधार पनि हुनुपर्छ भन्ने हो। विगतमा सरकारले सुरु गरेको विभिन्न आवास योजना पूर्वाधारमा ध्यान नपुग्दा असफल भएका थिए। विपन्न आवास योजनाका नाममा विनियोजित बजेटसमेत खर्च हुनसक्तैन थियो। मनलवा बस्तीले सिकाएको छ शिक्षा, स्वास्थ्य, बिजुली, पानी, ढल, बाटोजस्ता पूर्वाधारबिना बस्ती अधुरै रहन्छ।

यसरी जमिनको स्वामित्वसहित घर हस्तान्तरण गर्ने योजनामा परिवारले आफ्नै घर त पाउँछन् नै राज्यप्रति नागरिकको विस्वास पनि बढ्छ। आफ्नै घर हुनुको मानवीय पक्ष अमूल्य हुन्छ भन्ने साक्षी पनि 'सम्पन्न बस्ती'का मुसहर समुदाय भएको छ। यस्ता नागरिकमा आत्मविश्वास बढ्छ भने राज्यप्रति आक्रोश होइन कृतज्ञता देखापर्छ। काठमाडौंमा विस्थापितहरूको मानवीय पीडा र मानसिक आघातको क्षति र कसरी परिपूर्ति होला र तर उठीबास लगाउने नेपाल सरकारले नै उनीहरूको समस्या समाधानलाई प्राथमिकता दिएर 'विराटनगर मोडेल'का बस्तीहरू बनाएर यथाशीघ्र बसोबास गराउन सके आक्रोश मत्थर हुनसक्छ। संघसँग समन्वय गरेर प्रदेश सरकारले स्थानीय तहलाई प्राविधिक तथा आर्थिक सहायता उपलब्ध गराउन सहजकर्ता बन्नु उचित हुनेछ। यत्रो मानवीय संकटमा पनि प्रदेश सरकार आफैँमा हराउनु संघीयताकै उपहास हो।

सबैभन्दा महत्त्वपूर्ण भूमिका विराटनगर महानगरपालिकाले जस्तै स्थानीय पालिकाहरूको हुनुपर्छ। उठीबास लगाएर पन्छने दिने नीति त्यागेर सरकारी स्वामित्वको वा किनेर नै पनि प्राप्त हुने जमिनमा स्वामित्व हस्तान्तरण गर्नेगरी लघुवित्त र गैरसरकारी संस्थाहरूसँगको साझेदारीमा 'सम्पन्न बस्ती' जस्तै पूर्वाधारयुक्त बस्ती निर्माण गर्न स्थानीय तहले सहजीकरण एवं अगुवाइ गर्नुपर्छ। हरेक वर्ष बाढीसँग लुकामारी खेल्नुपर्ने ठाउँमा उनीहरू रहरले त पक्कै बसेका होइनन्। यो बाध्यता राज्यको संवेदनहीनताकै अर्को पक्ष हो। यसैले राज्यले जबरजस्ती हटाएर बहादुरी देखाउने मानसिकताभन्दा 'संरक्षण र सहजीकरण'को बाटो रोज्नु श्रेयस्कर हुनेछ। विराटनगरको प्रयोग सफल भएकाले अरूले र अरू ठाउँमा पनि त्यसको अनुसरण गर्नुपर्छ। केही दशक पहिलेसम्म 'विराटनगरले आज जे सोच्छ काठमाडौंले भोलि त्यही सोच्छ' भन्ने गरिन्थ्यो। सम्पन्न बस्तीको समाचारले त्यही कथन फेरि सम्झाएको छ।

# धनुषामा लाखौंको नदीजन्य पदार्थ गायब

**स्टक उठाएर लगिएको र क्रसरमा स्रोत सुनिश्चित नभएको नदीजन्य पदार्थको कारबाही प्रक्रिया अघि बढाउन नगरपालिकादेखि प्रहरी प्रशासन समेतले आँट गरेका छैनन्।**

**शैलेन्द्र महतो**

जनकपुरधाम, २२ वैशाख। गत १४ चैतमा धनुषाको गणेशमान चारनाथ नगरपालिकाका-३, ८ र ९ मा अवैध उत्खनन, भण्डारण तथा कारबाही प्रक्रियाबारे अनुगमन गरियो। नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्रीसम्बन्धी जिल्ला अनुगमन समितिले जिल्ला समन्वय समिति धनुषाका सभापति राजनन्दन मण्डलको नेतृत्वमा गरेको अनुगमनपछि चार बुँदे निर्णय गरियो। निर्णयको दोस्रो बुँदामा उल्लेख थियो, 'कमला नदी किनार तथा बाँधको दायाँ-बायाँ अवैध रूपमा उत्खनन गरी संकलन गरेर राखिएको ढुंगा, गिट्टी तथा अन्य नदीजन्य पदार्थहरू गणेशमान चारनाथ नगरपालिकाले जफत गरी कानुनअनुसार आवश्यक व्यवस्थापन गर्ने।'

अनुगमन टोलीमा समितिका सह-संयोजकसमेत रहेका धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेल, सदस्यहरू नेपाल प्रहरी धनुषाका प्रहरी उपरीक्षक रुगमबहादुर कुँवर, सशस्त्र प्रहरीका उपरीक्षक भीमबहादुर विष्ट, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्तोष शर्मालगायत सहभागी थिए। अवैध उत्खनन नियन्त्रण, स्टक सुरक्षा तथा आवश्यक कारबाही गर्न जिल्ला समन्वय समितिले १६ चैतमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान तथा गणेशमान चारनाथ नगरपालिकालाई पत्राचार गरेको थियो।

त्यसपछि चैत तेस्रो साता नगरपालिकाकी उपप्रमुख तुल्सा कुमारी पाण्डेको नेतृत्वमा गएको प्रहरीसहितको अनुगमन टोलीले कमला बाँधको वरिपरि खनिएको खाल्डो नापजाँच गऱ्यो। अनुगमन गर्दा त्यहाँ स्टकहरू थिएनन्। स्टक उठाएर लगेको हुन सक्ने आशंकामा राजमार्गसँगै सञ्चालित बेचन शर्मा सञ्चालक रहेको कमलामाई क्रसर उद्योग र वडा नम्बर ६ मा चारनाथ खोलाको किनारमा रहेको सन्तोष जयसवालको क्रसरमा टोली पुग्यो। त्यहाँ स्टकहरू भेटिए। कहाँबाट ल्याएको प्रमाणित गर्न नसकेपछि टोलीले नापजाँच गऱ्यो।

कमलामाई क्रसरमा स्रोत नखुलेको एकलाख ५९ हजार ९६८ घनमिटर ग्राभेल, गिट्टी, बालुवा र वास बालुवालगायत नदीजन्य पदार्थ फेला पऱ्यो। यस्तै, वडा नम्बर ६ को कमला स्टोन क्रसरमा १ लाख ७१ हजार ६४८ घनमिटर नदीजन्य पदार्थ भेटियो। यी दुई क्रसर यस भेगकै शक्तिशाली मानिन्छन्। प्रहरी प्रशासनलाई प्रभावमा पारेर बाह्रै महिना निर्वाध आफ्नो काम गरिरहने भएकाले स्थानीयसमेत उनीहरूको विरोध गर्न डराउँछन्।

'ती स्टकहरू नापजाँच गरिएको हो। तर जफतसहित आवश्यक कारबाहीका लागि थप प्रक्रिया अघि बढाइएको छैन,' नगरपालिकाका एक कर्मचारीले भने। त्यहाँ नापजाँच गरिएका नदीजन्य पदार्थमाथि हालसम्म कुनै कारबाही भएको छैन। अनुगमन समितिमा रहेका एक कर्मचारीका अनुसार क्रसरवालाले मुचुल्कामा समेत हस्ताक्षर गर्न मानेनन्। क्रसरमा नदीजन्य पदार्थ र झिकिएको नदीजन्य पदार्थको खाल्डोको नापजाँचले ५० लाख रुपैयाँभन्दा बढीको राजस्व नगरपालिकालाई आउन सक्ने देखिन्छ। तर त्यसका लागि नगरपालिकाले आवश्यक कदम चालेको छैन।

स्टक उठाएर लगिएको र क्रसरमा स्रोत सुनिश्चित नभएको नदीजन्य पदार्थको कारबाही प्रक्रिया अघि बढाउन नगरपालिकादेखि प्रहरी प्रशासन समेतले आँट गरेका छैनन्। ती निकायका जिम्मेवार पदाधिकारीहरू भने यसबारे जानकार नै नभएझैं प्रतिक्रिया दिइरहेका छन्। नगर प्रमुख र उपप्रमुखले भने कमला नदी बाँध छेउमा रहेको स्टकबारे अनभिज्ञता जनाएका छन्। अनलाइनखबरसँगको कुराकानीमा नगर प्रमुख जितनारायण यादवले आफूलाई स्टकबारे जानकारी नभएको प्रतिक्रिया दिए।

'अनुगमन टोली आएको भन्ने खबर मात्रै पाएको थिएँ। त्यसबेला म बाहिर थिएँ। त्यसपछि के भयो, मलाई थाहा छैन। स्टक रहेको वा उठाएर लगिएको विषय पनि मेरो जानकारीमा छैन। तपाईंमार्फत थाहा पाएँ,' उनले भने। उपप्रमुख तुल्साकुमारी पाण्डेले भने आफूले स्थलगत अनुगमन गरी स्टकको नापजाँच गरेको बताइन्। 'स्टकको अवस्था बुझ्न हामी फेरि स्थलमै जान लागेका छौं,' उनले आइतबार फोनमा भनिन्। धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलको भनाइमा अनुगमनपछि नगरपालिकाले छिटो प्रक्रियामार्फत संकलन, जफत र लिलाम प्रक्रिया अघि बढाउन भनेको थियो। 'सम्पत्ति जसको भए पनि आवश्यक परे स्थानीय प्रहरीको सहयोग लिने भनिएको थियो। नापजाँचपछि लिलाम प्रक्रिया अघि बढाइयो कि बढाइएन, मैले पनि बुझ्न सकेको छैन,' उनले भने।

कसैले स्टक उठाएर लगेको भए त्यसको सम्पूर्ण जिम्मेवारी स्थानीय तहले लिनुपर्ने प्रजिअ लुइँटेलको तर्क छ। 'यदि कसैले उठाएर लगेको हो भने त्यसको जवाफदेही पालिका हुनुपर्छ। माग गर्दा प्रहरी नपुगेको भए त्यसबारे जानकारी गराउनुपर्थ्यो,' उनले भने, 'नापजाँचपछि त्यसको संरक्षणका लागि तत्काल सार्वजनिक सूचना जारी गरेर आवश्यक प्रक्रिया अघि बढाउनुपर्ने थियो।' जिल्ला समन्वय समिति धनुषाका सभापति राजनन्दन मण्डलले नदीजन्य पदार्थ उत्खनन गरेर लगेको विषयमा छानबिन भइरहेको बताए।

**नदीजन्य पदार्थ स्टक प्रमाणित नगरी सिधै क्रसरमा**

गत मंगलबार बिहान साढे ११ बजेतिर पूर्व-पश्चिम लोकमार्गमै रहेको चारनाथ खोलाको पुलबाट करिब ५०० मिटर दक्षिणतर्फ दर्जनजति ट्याक्टर प्रयोग गरी उत्खनन भइरहेको थियो। त्यसरी लोड गरिएको नदीजन्य पदार्थ ट्याक्टरमार्फत पुलभन्दा करिब २०० मिटर पर उत्तर-पूर्व छेउमा रहेकै कमला स्टोन क्रसरमा लगिँदै थियो। यसरी खोलाबाट खनिएको नदीजन्य पदार्थ सिधै क्रसरमा लैजानु कानुनविपरीत हो। सम्झौताअनुसार तोकिएको घाटगद्दीमा संकलन गरी, नापजाँच गरेर स्टक प्रमाणित भएपछि मात्र ठेकेदारले बिक्री गर्न पाउँछन्। उत्खनन भइरहेको स्थानबाट गणेशमान चारनाथ नगरपालिकाको कार्यालय एक किलोमिटर भित्रैको दूरीमै पर्छ। तर ठेकेदारले कानुनविपरीत उत्खनन गरिरहेका छन्। सम्झौताको पालना भएको छैन।

यसरी उत्खनन भइरहेको चारनाथ खोला आर्थिक वर्ष २०८२/०८३ का लागि सोही नगरपालिकाको वडा नम्बर १० बस्ने ४७ वर्षीय वृञ्जयकुमार सिंहको हनुमान निर्माण सेवा, जनकपुरधाम-२ ले पाएको छ। ढुंगा, गिट्टी र बालुवा उत्खनन, संकलन तथा बिक्री-वितरणका लागि भ्याट बाहेक ९१ लाख ११ हजार १११ रुपैयाँमा नगरपालिका र ठेकेदारबीच माघ १४ गते सम्झौता भएको हो। उक्त सम्झौताअनुसार माघ १४ देखि आगामी जेठ मसान्तसम्म तोकिएको स्थानबाट मात्र उत्खनन गर्न पाउने उल्लेख छ। तर स्थलगत अवस्था र ३४ बुँदे सम्झौताबीच तालमेल देखिँदैन। खोलामा १५ फिट गहिरोसम्मबाट ग्राभेल झिकिएको स्थानीय बताउँछन्। वातावरणीय अध्ययन प्रतिवेदनको पनि ख्याल नगरिएको स्थानीयको गुनासो छ।

सम्झौताविपरीत उत्खनन भइरहँदा नगरपालिका कार्यालय भने मुकदर्शक बनेको देखिन्छ। यस विषयमा जिज्ञासा राख्दा मेयर जितनारायण यादवले ठेक्का नलागेका विषयमा कसैले चासो नदिने, तर ठेक्का लागेका विषयमा अनावश्यक चासो राखेर पालिकालाई 'डिस्टर्ब' गर्न खोजिएको बताए। 'ठेक्का नलागेको कमला नदी खन्दा कसैले मतलब राख्दैन। तर ठेक्का लगाइएको खोलामा विभिन्न कुरा लेखिन्छ, बाहिर ल्याइन्छ। स्थानीय सरकारलाई डिस्टर्ब गर्ने प्रयास भइरहेको मेरो बुझाइ छ,' उनले भने।

सोही नगरपालिका-८ का बाली शर्मालगायत स्थानीयले भने कमला, चारनाथ खोला उत्खननविरुद्ध निरन्तर आवाज उठाउँदै आएका छन्। उनीहरूका अनुसार जोखिम मोलेर उत्खनन र क्रसरसम्बन्धी अनियमितताको सूचना धनुषाका सीडीओ, एसपी, डीएसपी, इलाका प्रहरी कार्यालय र नगरपालिकालाई दिँदा पनि कुनै निकायले चासो दिएको छैन। उल्टै सम्बन्धित निकाय ठेकेदारसँग मिलेमतो गरी मुकदर्शक बनेको आरोप उनीहरूको छ।

'म लगायत यहाँका केही साथी र अभियन्ताले निरन्तर कमला र चारनाथ खोलाको अवैध उत्खननविरुद्ध आवाज उठाइरहेका छौं। जोखिम मोलेर तस्वीर र फोटोसहित स्थानीय प्रशासन र पालिकालाई सूचना दिइरहन्छौं। तर सम्बन्धित निकायहरू वास्तै गर्दैनन्,' उनको गुनासो छ। यता, उपप्रमुख पाण्डेले भने नदीजन्य पदार्थ उत्खनन गरी सिधै क्रसरमा लगिएको विषयमा आफूलाई जानकारी नभएको बताएकी छिन्। 'खन्दै ल्याउँदै गरेको छैन भन्ने बुझाइ छ। सिधै उत्खनन गरेर लगेको कुरा मलाई थाहा छैन। तल खोला उत्खनन गरेर स्टक गरिएको छ,' उनले भनिन्, 'यदि सिधै क्रसरमा लगिएको हो भने त्यसबारे छानबिन गर्छौं।'

जथाभावी उत्खननबारे ठेकेदार वृञ्जयकुमार सिंहसँग कुरा गर्न पटकपटक फोन सम्पर्क गर्न खोज्दा उनले फोन उठाएनन्। गणेशमान चारनाथ नगरपालिका भित्रको नदी उत्खनन, जनप्रतिनिधि र प्रहरी प्रशासनको भनाइले उनीहरूभित्रै साँठगाँठ रहेको बुझ्न कठिन छैन। स्थानीयले पनि निरन्तर आवाज उठाउँदा सुनुवाइ नहुनु, क्रसर माफियालाई कारबाही नहुनु, धन्दा निरन्तर चलिरहनु पनि यसको प्रमाण हो। क्रसर माफियाले पटकपटक धम्क्याउँदा कर्मचारीहरू पनि डराएका छन्। उनीहरू उत्खनन र क्रसरको विषयमा केही बोल्न चाहँदैनन्।

'यहाँका क्रसरवालाहरू धेरै शक्तिशाली छन्। प्रहरी प्रशासन सबै उनीहरूको मुठ्ठीमा छ। सबै मिलेका छन्। हामीले भन्यो भने सिधै ज्यान मार्ने धम्की दिन्छन्। उनीहरूको कुकर्म सबैलाई थाहा छ। तर कारबाही हुँदैन। त्यसकारण हामी बोलेर किन जोखिम लिनु,' अर्का कर्मचारी भन्छन्।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो।
छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# विचारः कर्मवादले देखाएको बाटो

**मणिराम डङ्गोल**

काठमाडौँ, २२ वैशाख। विश्वमा समाजवाद, साम्यवाद, पूँजीवाद, धर्मवाद, जातिवाद, द्वन्द्ववाद अनेकन वादका सिद्धान्त प्रतिपादन भएका छन्। ती वादहरूले वास्तविक अर्थमा आमजनताको भलाइलाई भन्दा केही सीमित व्यक्ति वा समूलाई बढी फाइदा पुग्नेगरी काम गरेको देखिन्छ। समाजका सबै वर्ग समुदायको साझा हित र मुलुकको समग्र भलाइका लागि विकास भएको कर्मवादको बारेमा भने खासै धेरैलाई जानकारी नहुन सक्छ। विश्वका अधिकांश सम्पन्न देशलाई हेर्ने हो भने उनीहरूले श्रमको उच्च सम्मान गर्दै कर्मवादलाई अभ्यासमा ल्याएका छन्। नेपालको राजनीतिमा भने लामो समयदेखि नितान्त व्यक्तिवादी चिन्तन हावी हुँदा 'सर्बजन हिताय, सर्बजन सुखाय' नभएर निजी लाभ र स्वार्थको अस्त्र बनेको छ। यसले गर्दा देशको आर्थिक अवस्थामा तात्विक सुधार हुन सकेन, युवा जनशक्ति विदेश पलायन भएका छन् र विदेशी निर्भरता बढेर गएको छ।

कुनै पनि देशलाई मार्गनिर्देश गर्ने वा स्वावलम्बी राष्ट्र निर्माणमा राजनीतिक नेतृत्वको ठूलो भूमिका रहेको हुन्छ। स्पष्ट सोच, असल विचार, दीर्घकालीन योजना, निःस्वार्थ भावना भएको राजनीतिज्ञले मात्र देशको काँचुली फेर्न सक्छ। यसका लागि राजनीतक नेतृत्वले मानिससँग रहेको प्रतिभाको पहिचान गरेर प्रयोगमा ल्याउन, आत्मविश्वासको विकास गर्न, आत्मसन्तुष्टिको मापन तयार पार्न सक्यो भने सबै नागरिकले शासन प्रणालीप्रति अपनत्व महसुस गर्न सक्छन्। यसबाट एकातिर समाजको आमूल परिवर्तन हुन्छ भने अर्कोतिर समृद्ध राष्ट्रको आधार तयार गर्न सकिन्छ।

कर्म भनेको श्रम हो, श्रमबिनाको मानव जीवनको कल्पना गर्न सकिँदैन। विश्वको आर्थिक, सामाजिक सांस्कृतिक, शैक्षिक, साङ्गठनिकजस्ता अनेक विषयको उठान श्रमशक्तिको उच्चतम् उपयोगबाट मात्र सम्भव हुन्छ। कर्मवाद केबल सामाजिक सिद्धान्तमात्र होइन, जीवन बाँच्ने तरिका पनि हो। संसारलाई रुपान्तरण गर्ने शक्ति विचार वा भाषणमा नभई कर्ममा निहित हुन्छ। कर्मवादले कर्मलाई दायित्वको रूपमा होइन, सिर्जनशील शक्तिको रूपमा हेर्छ। यसका लागि कार्य केबल श्रम होइन, सिर्जनशीलता हो, जसले शून्यलाई केहीमा रुपान्तरण गर्छ। जीवनमा प्रत्येक कार्यको फल हुन्छ भन्ने धारणा कर्मवादको मूल तत्व हो। त्यसैले अन्य राजनीतिक वादहरूभन्दा पूर्णतः भिन्न ढङ्गबाट कर्मवाद नितान्त सिर्जना, उत्पादन र नवप्रवर्तनमा अडिएको हुन्छ।

कर्मवादको दृष्टिमा जीवनको वास्तविक मूल्य परिणाममा होइन, कार्यको निरन्तर प्रवाहमा छ किनकि कर्म नै चेतनाको जागरण हो। कर्मवादले समयको मूल्य बुझेको हुन्छ। समयको प्रत्येक क्षण एउटा बिज हो, जसलाई कार्यको पानीले सिञ्चित गर्दा अङ्कुर फुट्छ र त्यही अङ्कुरणमा नयाँ फल फल्दछ। त्यसैले समयलाई खेर नफाली कार्यको पूजा गर्न सिक्नु नै कर्मवादको बाटोमा हिँड्नु हो। कार्य गर्ने व्यक्तिलाई सम्मान गर्दै कर्मवादले सबैलाई आफ्नो श्रम, सीप र समय समाजको उन्नतिका लागि उपयोग गर्न प्रेरित गर्छ। कर्मवाद उत्पादनमुखी कार्यशैलीमा आधारित छ। कर्मवादले प्रकृयामुखी र औपचारिकतामा सीमित गतिविधिलाई अस्वीकार गर्दै उत्पादन र उपलब्धिलाई विकासको केन्द्रमा राख्दछ। वास्तविक विकास त्यतिबेलामात्र सम्भव हुन्छ, जब कामबाट प्रत्यक्ष परिणाम देखापर्छ र त्यो परिणामले समाजमा सकारात्मक प्रभाव पार्छ।

कर्मवादलाई श्रम, रोजगारी र उत्पादनका साधन र स्रोतको युक्तिसङ्गत परिचालन र कठोर अनुशासनको रूपमा अर्थ्याउन सकिन्छ। हरेक मानिससँग केही न केही क्षमता हुन्छ, त्यसलाई उत्पादनसँग जोड्नु नै कर्मवाद हो। देश समृद्ध हुँदैमा सबै जनता सुखी हुँदैनन्, सुखी हुन त प्रत्येक वयस्क व्यक्ति उत्पादनसँग जोडिनुपर्छ। युवालाई उत्पादनसँग नजोड्ने हो भने उनीहरू देशमा टिक्न सक्दैनन्। त्यस अवस्थामा हरेक कुरामा परनिर्भर बन्नुपर्ने हुन्छ। परनिर्भरताले राष्ट्रिय सुरक्षामा समेत जेखिम निम्त्याउँछ। आधुनिकता र आत्मकेन्द्रित व्यक्तिवादी सोचले आज कसैले पनि अरुका लागि सकारात्मक सोच्ने नसक्ने अवस्था बनेको छ।

समृद्धिको आधार उत्पादनमात्र भएकाले श्रमको महत्व स्थापित गरी उत्पादनमा संलग्न व्यक्ति, वर्ग, समुदाय तथा उद्यमीहरूलाई उचित सम्मानको वैधानिक परिपाटी कायम गर्ने हो भने नेपालका सयौँ जातजाति र भाषाभाषीहरू राज्यको मूलप्रवाहमा जोडिनेछन् र आ–आफ्ना कला कौशल, संस्कृति र विशिष्टता जोगाउँदै परिश्रममा गर्न थाल्नेछन्। राज्यले बजारको सुनिश्चित गरिदिँदामात्र पनि समाजमा व्यावसायिक र औद्योगिक उत्पादनले अभुतपूर्व गति र उचाइ लिनेछ। यसबाट जनताको क्रयशक्ति र उपभोगमात्र बढ्ने छैन, यसले मुलुकको आयातमा आधारित अर्थतन्त्र निर्यातमुखी बन्न थाल्नेछ र गरिबी निवारणसहित सबल स्वाधिन अर्थतन्त्रले मुलुकको कायाकल्प हुनेछ। जनताका आधारभूत आवश्यकता पूर्तिसँगै जीवनस्तरमा सुधार, स्वास्थ्य अवस्था र औसत आयुमा समेत उल्लेख्य सुधार हुनेछ।

**कर्मवादका प्रणेता भगवान् बुद्ध**

समृद्धिका लागि बुद्धका धेरै उपदेशहरू नितान्त सान्दर्भिक रहेका छन्। धर्म आफैँमा मानव जातिको धारण गर्ने अनुशासन हो। माननवीय र कर्मशील मूल्य मान्यता हो, जीवनशैलीको मार्गदर्शन हो। भगवान् बुद्धले अनुशासनका नियमका रूपमा पञ्चशीलका उपदेशहरूले कर्मशील व्यक्तिका लागि सामाजिक सद्भाव, आचरण संस्कार र मूल्य मान्यताको संरक्षणसहितको सामाजिक सहअस्तित्वलाई प्रोत्साहन गरेको छ। बुद्धको समानता, शान्ति, दया, करुणा तथा कर्तव्यपरायणता जस्ता मान्यताहरू आजको कर्मशील समाजमा उत्तिकै सान्दर्भिक छन्। कर्मले नै मानिसलाई हीन वा महान् बनाउँछ अर्थात् लोभ वा पापबिनाको तृष्णा, लालसा र महत्वकाङ्क्षा तथा अन्यायपूर्ण, स्वार्थपूर्ण र भ्रष्ट आचरणसहितको कर्मले मानिसलाई कुकर्मतिर डोऱ्याउँछ।

आफ्नो कर्मलाई इमान्दार भएर समुचित ढङ्गबाट सम्पादन गर्नु कुनै पनि पेसा कर्मको धर्म हो भन्ने बुद्धको सन्देश कहिल्यै पनि असान्दर्भिक हुन सक्दैन। यही कुरा गीतामा पनि कर्मयोगको रूपमा व्याख्या गरिएको छ। कुनै लोभ र आशक्तिबिनाको कर्मले नै चित्त शुद्ध गराउँछ र कर्मबाट च्यूत भएको मानिस सधैँ लोभ, मोह, शोक, डरजस्ता कहिल्यै नसकिने दोष र क्लेसरुपी बन्धनबाट कहिल्यै मुक्त हुन सक्दैन भन्ने गीताको सन्देश बुद्धको सामूहिक हितमा गरिने विष्काम कर्म, त्याग, करुणामैत्रीजस्ता सङ्गठनहरूको अवलम्बन गरी आ–आफ्नो ठाउँबाट जिम्मेवार भएर कर्म गरेमा मात्र समाजमा व्याप्त अराजकता, भ्रष्टाचार र अनैतिकताको हार हुनसक्छ। यस्ता भाव मानिसमा नहुँदा नै आज समाज अराजक, भ्रष्टीकरण उन्मुख र नैतिक रूपमा क्षयीकरण हुँदै गएको छ।

बुद्धको अष्टाङ्ग मार्ग अनि पञ्चशीलमा आधारित कर्मवाद बुझी आफ्नो कर्म र आचरणलाई सफा गर्न आवश्यक छ। यसरीमात्र हामीले श्रम र उत्पादनद्वारा समाजलाई जोड्न सकिन्छ। प्रकृतिले दिएको स्रोत–साधनलाई चराचरका सबै जीव र वनस्पति जगत्को सहअस्तित्वलाई दृष्टिगतका साथ विवेकपूर्ण र समुचित उपयोग गरी श्रममा जुट्नु नै बुद्धको कर्मवाद हो। बुद्धले श्रमलाई नै समृद्धिको मार्ग बताएका छन्। बुद्धको कर्मवादले वैज्ञानिक, भौतिकवादी र प्रगतिशील जीवन पद्दतितर्फ अगाडि बढाउँछ। समृद्धि र सुखको बाटो यही हो।

बुद्धको कर्मवादबाट हेर्दा समाजवादमात्र होइन, साम्यवाद पनि नजिकै देखिन्छ। बुद्धको समता मार्ग एउटा त्यस्तो बाटो हो, जसमा सबै सामाजिक भेदवाद र उँच–निच मेटिन्छन् र सबै जाति, भाषा, धर्म, लिङ्ग र आर्थिक अवस्थाका मानिसहरूमात्र होइन, सबै वर्ग समुदाय एउटै स्तरमा खडा हुन्छन् र समान हैसियतमा रहन्छन्। बुद्ध दर्शनको यस्तो कर्मवाद संसारको नैतिक व्यवस्थाको शाश्वत र सार्वसौम नियमको आधार बन्नसक्छ। बुद्धको कर्मवादले हामी सबैलाई सत्मार्गको बाटो देखाउँछ। यसले लोभ र स्वार्थबाट माथि उठेर सबैलाई पवित्र भावनाले मुलुक र मुलुकवासीको हितलाई मात्र ध्यानमा राखेर सबैलाई आफ्नो कार्यसम्पादन गर्न प्रेरणा दिन्छ। (लेखक कर्मवादका अभियन्ता हुनुहुन्छ)

## वडाअध्यक्षसँगको...

खनिरहेको विषयमा कुनै जानकारी नभएको जिकिर गरे। उनले भने, 'मलाई कसरले कसरी किन मन्दिरको जमिनबाट माटो निकालिरहेको हो जानकारी भएन, मैले पनि सञ्चार माध्यमबाटै जानकारी पाएको हो। अब बुझेर कार्वाहीको लागि अगाडी बढ्छु।'

मन्दिर विकास समितिका सदस्य माधव प्रसाद यादवले पनि वडा अध्यक्षले बोलिमा लोलि मिलाए। उनले पनि आफूलाई पछि मात्र जानकारी भएको बताउँदै भोलि नै समितिको बैठक बसेर आवश्यक निर्णय लिने बताए। कुराकानै कै क्रममा मन्दिरका पुजारी विहारी दास (मुखिया)ले भने माटो खनेको भोलिपल्ट हेर्नको लागि वडा अध्यक्षले एकजना समितिका व्यक्ति पठाएको जानकारी दिए। उनले भने, 'मैले कसैलाई नसोधी खेत सम्याउन भनेको थिएँ। भोलिपल्ट वडाअध्यक्षले समितिको एकजनालाई हेर्न पठाउनु भएको थियो। उहाँले पनि कुनै–कुनै ठाउमा गहिरो भयो भनेर जानुभयो।' भन्दै कुरा चिप्ल्याए।

वडा अध्यक्ष मुखिया र समिति सदस्य यादवको एउटै बोलि, वडा अध्यक्षले जानकारी नै छैन भन्ने तर, हेर्न मानिस पठाउनुले अवैध माटो उत्खननमा रकमको राम्रै चलखेल भएको देखिन्छ। जग्गा सम्याउने भनेपनि धेरै माटो खनेकाले अव त्यस खेतमा कुनै अन्न बाली नै लगाउन नमिल्ने स्थानीयले बताए। उनीहरुले यहाँ माटो खनेकाले वर्षामा सबैतिरको पानी आएर यहि हुन्छ। त्यसैले अव यहाँ अन्न वालि लगाउनै मुस्किल हुने स्थानी किसान बताउँछन्। यता निर्माण कम्पनीका प्रमोद यादवले भने यस विषयमा मन्दिरका पुजारीसँगै कुरा गर्दा राम्रो भने। हामीले पटक पटक कुन कसरी, प्रकृयाबाट माटो उत्खनन गरिएको हो? भनि प्रश्न गर्दा उनले पटक पटक मन्दिरमा आएर पुजारीसँगै बुझ्नुस् भन्दै फोन काटे।

मधेश प्रदेश सरकार भौतिक पूर्वाधार मन्त्रालयको १० करोड ३७ लाख ८ हजार ५१५ रुपैयाँ ७४ लगानीमा दुर्गापुर विश्वकर्माचौक, मोतियाही, कसहा हुँदै सर्रेआम्वाससम्मको सडक निर्माणको जिम्मा ग्लवा निर्माण सेवा प्रालि र देव कन्ट्रक्सनको संयुक्त रुपमा लिएको छ। निर्माण कम्पनीले राज्यबाट रकम पाउँदा पाउँदै पनि सिरहामा स्थानीय जनप्रतिनिधी, प्रशासनसँगको मिलेमत्तोमा गैरकानुनी रुपमा निर्माण समाथीहरु उत्खनन् गर्दै आएका छन्।

नगरपालिकाले नगरपालिकाको अनुमतिविना सार्वजनिक जग्गाको माटो उत्खनन गरेको प्रति सचेत गराउँदै तत्काल राजश्वशा खामा सम्पर्क गर्न निर्माण कम्पनीको नाममा पत्र काटेको छ। सम्पर्कमा नआए कानुन बमोजिम कार्वाही हुने पत्रमा उल्लेख भएको छ।

## वर्षाले मकैखेती...

डाँडापाखाका बारीमा समेत छरेको मकै निरन्तर वर्षाका कारण राम्ररी फस्टाइरहेको छ, निरन्तर वर्षाले मकैखेतीलाई ठूलो राहत प्रदान गरेको छ।"

जिल्लाको पहाडी क्षेत्रका सुक्खा, बारी डाँडापाखामा छरेको मकैको बिरुवालाई वर्षाले राहत प्रदान गरेको छ। जिल्ला कृषि ज्ञान केन्द्र प्रमुख योगेन्द्र यादवले मकैखेती गर्ने सिजनबाट वर्षा सुरु भएकाले पडाडी क्षेत्रका बारीमा लगाएको मकैखेती राम्रो हुने बताउनुभयो। यादवका अनुसार उदयपुरमा ११ हजार हेक्टर क्षेत्रफलमा बर्सेनि मकैखेती हुँदै आएको छ। यसपटक यस्तै मौसम रहेमा मकै उत्पादनमा २० प्रतिशत वृद्धि हुने अनुमान गरिएको छ।

# तीन हजार १९० हेक्टर वनक्षेत्र अतिक्रमण

रौतहट, २२ वैशाख। रौतहटमा हालसम्म तीन हजार १९० हेक्टर वनक्षेत्र अतिक्रमणको चपेटामा छ। अतिक्रमणको चपेटामा परेकोमध्ये एक हजार ४२५ हेक्टर चुरेक्षेत्र तथा एक हजार ७४६ हेक्टर भावर तथा तराई क्षेत्र रहेको छ। डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्तप्रसाद साहका अनुसार व्यवस्थित वनको एक हजार ३२६ हेक्टर, सामुदायिक वनको ७५४, साझेदारी वनको ९०५ हेक्टर र सागरनाथ वृक्षरोपण क्षेत्रको २०१ हेक्टर वन क्षेत्र अतिक्रमणको चपेटामा छ।

यसैबीच डिभिजन वन कार्यालयअन्तर्गत सञ्चालित दिगो वन व्यवस्थापन कार्यक्रम र विभिन्न सामुदायिक वन उपभोक्ता समूहबाट आर्थिक वर्ष २०८२/८३ मा करिब ५४ हजार क्युफिट काठ उत्पादन भएको छ। दिगो वन व्यवस्थापन लागू भएका तीन सामुदायिक वन उपभोक्ता समूह, एउटा साझेदारी वन उपभोक्ता समिति र विभिन्न सामुदायिक वनको वन क्षेत्रबाट उक्त परिमाणको काठ उत्पादन भएको हो।

यसै वर्षदेखि चन्द्रपुर नगरपालिका–४ र ६ मा रहेको हातेमालो सामुदायिक वन उपभोक्ता समुह, चन्द्रपुर–३ मा रहेको तिलेश्वरनाथ र भोर्लेनी सामुदायिक वन उपभोक्ता समूह तथा रङ्गपुर साझेदारी वन उपभोक्ता समितिको वन क्षेत्रमा दिगो वन व्यवस्थापन कार्यक्रम सञ्चालन भएको कार्यालय प्रमुख साहले जानकारी दिनुभयो।

प्रमुख साहका अनुसार रौतहटमा दिगो वन व्यवस्थापन लागू भएको हातेमालो सामुदायिक वन उपभोक्ता समूहले आठ हजार ८६४ क्युफिट र १५ चट्टा दाउरा, भोर्लेनी सामुदायिक वन उपभोक्ता समूहबाट १० हजार २५ क्युफिट काठ र २६ चट्टा दाउरा, तिलेश्वारनाथ सामुदायिक उपभोक्ता समूहबाट सात हजार ५०६ क्युफिट काठ र १४ चट्टा दाउरा र रङ्गपुर साझेदारी वनबाट १७ हजार ३२७ क्युफिट काठ र २९ चट्टा दाउरासहित उत्पादन भएको छ।

उक्त तीन सामुदायिक वन र एउटा साझेदारी वनबाट यस वर्ष मात्रै ४३ हजार ७२२ क्युफिट काठ र ८४ चट्टा दाउरा उत्पादन भएको छ। रौतहटको ४३ सामुदायिक वनमध्ये यस वर्ष तीन सामुदायिक वनमा दिगो वन व्यवस्थापन कार्यक्रम लागू भएको तथा आउँदो आर्थिक वर्षमा जन चाहना सामुदायिक वन उपभोक्ता समूह चन्द्रनिगाहपुर र जनएकता सामुदायिक वन उपभोक्ता समूह चन्द्रनिगाहपुरमा लागू हुने प्रमुख साहले जानकारी दिनुभयो।

वृक्षरोपण कार्यक्रमलाई व्यापक बनाउन ८० हजार जडीबुटीका बिरुवा, एक लाख ६० हजार ८०१ एकवर्षी र दुई लाख बहुवर्षीय बिरुवा उत्पादन भइरहेको उहाँले जानकारी दिनुभयो। वन पैदावार आपूर्ति समितिमार्फत यस आवभित्र एक हजार ४२६ क्युफिट काठ बिक्री गरेको प्रमुख साहले बताउनुभयो। काठ अभाव नभएको र पर्याप्तमात्रामा काठ भएका कारण आपूर्ति समितिमार्फत मागेको बखत काठ उपलब्ध गराइरहेको उहाँले बताउनुभयो।

रौतहटमा ४३ सामुदायिक वन, तीन साझेदारी वन, चार धार्मिक वन, एउटा ब्लक फरेस्ट व्यवस्थापन वन रहेको छ। रौतहटमा ३० हजार १७७ हेक्टर अर्थात् २९ प्रतिशत भूभाग वनक्षेत्रले ओगटेको छ जसमा सबैभन्दा बढी चन्द्रपुर, गुजरा, वृन्दावन र फतुवा विजयपुर नगरपालिकाको भू–भागमा वनक्षेत्र पर्दछ। प्रमुख साहले वन अतिक्रमण हटाउनका लागि आवश्यक काम अगाडि बढाइएको जानकारी दिनुभयो। राज्यको नीतिअनुसार अन्य क्षेत्रको पनि वन अतिक्रमित क्षेत्र हटाइने उहाँले जानकारी दिनुभयो।

# जनमत पार्टीले समर्थन फिर्ता लिएसँगै मधेस सरकार संकटमा, गठबन्धनमा हलचल




**नवीन प्रियदर्शी**

जनकपुरधाम, २२ वैशाख। मधेस प्रदेशमा एमाले बाहेकका दलहरू मिलेर बनेको शक्तिशाली सरकार सङ्कटमा परेको छ। सरकारमा सहभागी जनमत पार्टीका प्रमुख सचेतक चन्दन कुमार सिंहको नेतृत्वमा ९ जना सांसदले समर्थन फिर्ता लिएपछि सरकारको स्थायित्वमाथि प्रश्न उठेको हो। जनमत पार्टीका प्रमुख सचेतक सिंहले वैशाख ११ गते बसेको दलको बैठकले विगत चार महिनादेखि मधेस सरकारले सन्तोषजनक काम गर्न नसकेको निष्कर्ष निकाल्दै समर्थन फिर्ता लिने निर्णय गरेको बताए। यद्यपि उक्त निर्णय बैठक बसेको ११ दिनपछि मात्र सार्वजनिक गरिएसँगै जनमत पार्टीभित्र पनि विवाद बढेको छ।

जनमत पार्टीका संसदीय दलका नेता महेश प्रसाद यादवले आफूलाई जानकारी नै नदिई प्रमुख सचेतकको नेतृत्वमा निर्णय गरिएको भन्दै असहमति जनाएका छन्। उनले ९ जना सांसद सहभागी भएको बैठक कानुनी रूपमा वैध नभएको र पार्टी विधानअनुसार प्रमुख सचेतकलाई यस्तो निर्णय गर्ने अधिकार नभएको दाबी गरे। यादवले भने, 'जनमत पार्टीले मधेस सरकारलाई दिएको समर्थन यथावत् छ। पार्टीभित्र केही विवाद भए पनि चाँडै समाधान हुन्छ। जनअपेक्षा विपरीत काम गर्न सकिँदैन।'

यसैबिच, जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले मंगलबार मधेस प्रदेश संसदीय दलको नेता परिवर्तन गरेका छन्। उनले महेश प्रसाद यादवलाई दलको नेताबाट हटाउँदै चन्दन कुमार सिंहलाई नयाँ संसदीय दलको नेतामा चयन गरेको जानकारी पत्रमार्फत दिएका छन्। जनमत पार्टीभित्रको विवाद र समर्थन फिर्ताको घोषणाले मधेस प्रदेश सरकारको भविष्य अनिश्चित बनेको छ। जनमत पार्टीले मधेस प्रदेश सरकारबाट समर्थन फिर्ता लिएको विषयमा आफू अनभिज्ञ रहेको मुख्यमन्त्री कृष्ण प्रसाद यादवले बताए। उनले वैधानिक प्रक्रिया पूरा गरेरमात्र समर्थन फिर्ता लिन सकिने स्पष्ट पार्दै अनौपचारिक घोषणा मात्रले कुनै प्रभाव नपर्ने बताए।

मुख्यमन्त्री यादवले भने, 'सरकारबाट समर्थन फिर्ता लिँदा विधिसम्मत प्रक्रिया अपनाउनुपर्छ। जसले पायो त्यसले घोषणा गर्दैमा समर्थन फिर्ता भएको मानिँदैन।' उनले गठबन्धन सरकारमा संसदीय दलका नेताको निर्णयलाई मात्र मान्यता हुने र त्यस्तो निर्णयलाई प्रदेश प्रमुखले वैधता दिने व्यवस्था रहेको उल्लेख गरे। उनले सरकारको कामकारबाही सन्तोषजनक रहेको दाबी गर्दै वैधानिक रूपमा समर्थन फिर्ता लिएको आधिकारिक जानकारी आएपछि मात्र आफूले औपचारिक प्रतिक्रिया दिने बताए।

यसैबिच, प्रमुख प्रतिपक्ष दल नेकपा एमालेका संसदीय दलका नेता सरोज कुमार यादवले मधेस सरकार अहिलेसम्मकै सबैभन्दा कमजोर रहेको टिप्पणी गरे। उनले भने, 'अहिलेसम्म बनेका सरकारमध्ये यो सबैभन्दा कमजोर सरकार हो। सरकारको कार्यसम्पादन कमजोर भएकै कारण हामीले मुख्यमन्त्रीलाई कार्यदक्षता बढाउन आग्रह गरेका थियौँ।' एमाले संसदीय दलका नेता यादवले सरकारको कार्यशैली सुधार नभए समर्थन फिर्ता लिनेसम्मको चेतावनी पहिले नै दिएको स्मरण गराउँदै गठबन्धनभित्रकै दलले समर्थन फिर्ता लिनुले सरकारको अवस्था झन् प्रस्ट भएको बताए। उनका अनुसार सरकारको कार्यसम्पादन 'शून्यजस्तै' छ। निर्णय र कार्यान्वयनबिच तालमेल नदेखिएको तथा गठबन्धनका दलहरूबिच सहकार्यको अभाव रहेको उनको आरोप छ।

जनमत पार्टीले सरकारबाट समर्थन फिर्ता लिएको घोषणा गरेसँगै गठबन्धनमा आवद्ध अन्य दल पनि आन्तरिक छलफलमा जुटेका छन्। जनता समाजवादी पार्टी (जसपा) नेपालले समर्थन कायम राख्ने वा फिर्ता लिने विषयमा निर्णय गर्न बैठक बसिरहेको जनाएको छ।

समाचार लेख्दासम्म जसपा नेपालका संसदीय दलका नेता सरोज कुमार यादवले सरकारको विषयमा पार्टीभित्र गम्भीर छलफल भइरहेको र मंगलबार बेलुकासम्म आधिकारिक निर्णय सार्वजनिक गर्ने जानकारी दिए। यता, गठबन्धनकै अर्को दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका संसदीय दलका नेता जयनुल राईनसँग सम्पर्क गर्न खोज्दा उनको फोन उठ्न सकेन। कांग्रेसको नेतृत्वमा सरकार गठन भएको पाँच महिना नबित्दै राजनीतिक अस्थिरताको सङ्केत देखिन थालेसँगै जनतामा भने निराशा बढ्ने जानकारहरू बताउँछन्।

# जाँचपास नहुँदा १४ सयभन्दा धेरै मालवाहक सवारी रोकिए

पर्सा, २२ वैशाख। मुलुककै सबैभन्दा धेरै वस्तु तथा सामान आयात हुने वीरगन्ज भन्सारको सेवा प्रवाह एक सातादेखि प्रभावित भएको छ। भन्सार विन्दुमा आउने वस्तुमा अनिवार्य अधिकतम खुद्रा मूल्य ( एमआरपी) कार्यान्वयन गर्न खोज्दा एक सातादेखि अत्यावश्यक पेट्रोलियम पदार्थ, औद्योगिक कच्चा पदार्थ र तरकारी तथा फलफूल बाहेक अन्य वस्तु तथा सामानको भन्सार जाँचपास हुनसकेको छैन।

गत वैशाख १५ गतेदेखि आयात तथा निर्यातकर्ता भन्सार जाँचपास प्रक्रियामा सहभागी भएका छैनन्। जसका कारण भारतको रक्सौलतर्फ मालवाहक सवारीसाधन रोकिने क्रम बढ्दो छ। वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकृत उदयसिंह विष्टले दैनिक दुई सयभन्दा धेरै मालवाहक सवारीसाधन थपिने भएकाले पनि औसतमा एक हजार चार सय हाराहारीका सवारीसाधन जाँच प्रक्रिया रोकिएको बताए। "हामी त भन्सार जाँचपासको प्रक्रिया गराउन तयार छौँ। तर, आयातकर्ता भन्सार जाँचपास गर्नें फाराम भर्नेदेखि घोषणा गर्नेसम्मका प्रक्रियागत कार्यमा सरिक नहुँदा भन्सार जाँचपास रोकिएको हो", उनले भने, "भन्सार विभागले आवश्यक समन्वय गरिरहेको छ। छिट्टै यो समस्या अन्त्य हुने अपेक्षा राखेका छौँ।"

गत वैशाख १५ गतेदेखि आयातित एवं निर्यात गरिने सामग्रीको अधिकतम खुद्रा मूल्य (एमआरपी) लागू गर्ने निर्णय भएको थियो। तर, सो प्रावधानको आर्यातकर्ता तथा निर्यातकताले विरोध जनाउँदै आइरहेका छन्। वीरगन्जको एकीकृत सुरक्षा भन्सार जाँचचौकीको व्यवस्थापनको जिम्मेवारी पाएको टीआरएस हिमालयन लर्जी पार्क प्रालिका इन्चार्ज गणेश घिमिरेले भन्सार जाँचपास नहुँदा भारतीय सडकमा समेत मालवाहक सवारीसाधनको लाइन लागेको बताए। "अहिले देखिएको समस्या जतिसक्दो छिटो समाधान होस् भन्ने चाहाना छ", उनले भने।

वीरगन्ज भन्सार कार्यालयले दैनिक ५० देखि ६० करोड रुपैयाँसम्म राजस्व सङ्कलन गर्दै आएको छ। वीरगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद गौतमले यो समस्या लामो समयसम्म रहँदा राज्य र व्यवसायी दुवैलाई फाइदा नहुने भएकाले आवश्यक समन्वय गरेर टुङ्ग्याउन अनुरोध गरे।

# मोबिल छर्किने दुई जना पक्राउ

पर्सा, २२ वैशाख। पर्साको वीरगञ्जस्थित पूर्वाधार विकास कार्यालयको बोर्डमा मोबिल छर्कने र कर्मचारीमाथि अभद्र व्यवहार गर्ने दुई जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ। मंगलबार बिहान करिब सवा ९ बजे वीरगञ्ज महानगरपालिका वडा नं. २३ मा रहेको कार्यालय परिसरभित्रै पुगेर उनीहरूले उदण्डता प्रदर्शन गरेका थिए। पक्राउ पर्नेहरूमा वीरगञ्ज महानगरपालिका वडा नं. ११ का ३३ वर्षीय जयपुजन ठाकुर लोहार र वडा नं.१३ राधेमाई बस्ने ३० वर्षीय मनमोहन पाण्डे रहेका छन्।

प्रहरीका अनुसार उनीहरूले पूर्वाधार विकास योजनाको विषयलाई लिएर सोही कार्यालयका कर्मचारी राम प्रवेश यादवसँग विवाद गरेका थिए। विवादकै क्रममा आक्रोशित बनेका उनीहरूले सरकारी कार्यालयको बोर्डमा मोबिल छर्किएर फरार भएका थिए। घटनालगत्तै कार्यालय प्रमुखले वडा प्रहरी कार्यालय श्रीपुरमा टेलिफोनमार्फत जानकारी गराएपछि प्रहरी टोलीले खोजी कार्य तीव्र पारेको थियो।

# मधेस प्रदेशमा जनमत पार्टीले फेऱ्यो संसदीय दलको नेता

जनकपुरधाम, २२ वैशाख। जनमत पार्टीले मधेस प्रदेशसभामा आफ्नो संसदीय दलको नेता परिवर्तन गरेको छ। पार्टीका राष्ट्रिय अध्यक्ष डा. चन्द्रकान्त (सीके) राउतले चन्दन कुमार सिंहलाई मधेस प्रदेशको संसदीय दलको नेता चयन गरेका हुन्। पार्टीको केन्द्रीय कार्यकारिणी समितिले मंगलबार एक पत्र जारी गर्दै आजैको मितिदेखि लागू हुने गरी सिंहलाई नयाँ जिम्मेवारी सुम्पिएको जनाएको छ। 'उपरोक्त सम्बन्धमा आजैको मितिदेखि लागू हुने गरी जनमत पार्टी मधेस प्रदेश संसदीय दलको नेताको रूपमा चन्दन कुमार सिंहलाई तोकी जिम्मेवारी हेरफेर गरिएको व्यहोरा जानकारी गराउँदछौँ,' अध्यक्ष राउतले जारी गरेको पत्रमा भनिएको छ।

पार्टीले यस निर्णयको जानकारी मधेस प्रदेशसभा सचिवालय र जनमत पार्टी मधेस प्रदेश संसदीय दललाई समेत गराइसकेको छ। यसअघि मधेस प्रदेशमा जनमत पार्टीको संसदीय दलको नेताको रूपमा महेशप्रसाद यादव रहँदै आएका थिए। नयाँ चयन गरिएका नेता सिंह जनमत पार्टीका केन्द्रीय सचिव समेत हुन्। सोमबार नै जनमतले सरकारबाट फिर्ता हुने निर्णय गरेको थियो। तर यसमा यादवले असहयोग गरेपछि नयाँ नेता चयन गरिएको बताइएको छ।

# ट्रेड युनियन खारेजीले अधिकार खोस्दैन, बरु पेसागत स्वतन्त्रता बलियो बनाउँछः प्रधानमन्त्री शाह

काठमाडौँ, २२ वैशाख। प्रधानमन्त्री वालेन्द्र शाहले शिक्षालयमा दलको झण्डा तथा कर्मचारीतन्त्रमा दलको झोला निषेध गर्नाले विद्यार्थी तथा कर्मचारीहरूको अधिकार नखोस्ने बरु यसबाट पेसागत स्वतन्त्रता बलियो बन्ने बताउनुभएको छ। सामाजिक सञ्जाल फेसबुकमार्फत धारणा सार्वजनिक गर्दै प्रधानमन्त्री शाहले वर्षौंदेखि जरा गाडेर बसेको विद्यार्थी र कर्मचारीतन्त्रको पार्टीकरणले देशको प्रणालीलाई नै ध्वस्त पारेको उल्लेख गर्दै यसरी झण्डा र झोला निषेध गर्नाले उनीहरूको अधिकार र पेसागत स्वतन्त्रता नै झन बलियो बन्ने बताउनभुएको हो।

प्रधानमन्त्री शाहले लेख्नुभएको छ, "धेरै पत्रकार, नेता, अभियन्ता, व्यापारी र आमजनताले वर्षौंदेखि एउटै कुरा भन्दै आएका छन्", "विद्यार्थी र कर्मचारीतन्त्रलाई पार्टीकरणले बिगाऱ्यो", वर्षौंदेखि धेरै सङ्गठन विद्यार्थी र कर्मचारीको हितभन्दा बढी दलका 'स्लिपर सेल' बने। योग्यताभन्दा पहुँच, क्षमताभन्दा झोला र झण्डाको मूल्य बढाइयो। यसले प्रणालीप्रति नै जनताको विश्वास कमजोर बनायो।

उहाँले राष्ट्रिय स्वतन्त्र पार्टीले शिक्षालय र कर्मचारीतन्त्रबाट राजनीति हटाउने कुरा सङ्गठन बनाउन नसकेर नभई शिक्षाको गुणस्तर सुधार्न र कर्मचारीको सम्मान जोगाउनका लागि भएको पनि स्पष्ट गर्नुभएको छ। उहाँले भन्नुभएको छ, "चाहने हो भने आजकै दिनमा ठूला सङ्गठन बनाउन सकिन्छ तर अर्को दलगत सङ्गठन थप्दैमा सुधार हुँदैन भन्ने कुरा विगतले देखाइसकेको छ।" प्रधानमन्त्री शाहले सरुवा र बढुवाको आधार दलगत निकटता नभएर विधि, क्षमता र दक्षता बन्नुपर्ने पनि बताउनुभएको छ।

उहाँले भन्नुभएको छ, "हाम्रो प्रयास यति मात्र हो, विद्यार्थीले राजनीति सिक्दा गुरुबाट सिकून्, नेताको भीडबाट होइन। कर्मचारीले विधि खोजून्, नेताको छहारी होइन। हामी चाहन्छौँ विद्यार्थीले राजनीति सिकून् तर सभ्यता, विचार र जिम्मेवारीको राजनीति। कर्मचारीले जनताको सेवा सिकून् कुनै दलको होइन।" उहाँले सरकारको यो कदम कुनै पार्टीविरुद्धको लडाइँ नभएर प्रणाली बचाउने प्रयास भएको बताउँदै यो भविष्य बचाउने प्रयास तथा देशलाई दलगत कब्जाबाट निकालेर संस्थागत मार्गमा ल्याउने प्रयास भएको स्पष्ट गर्नुभएको छ।

प्रधानमन्त्री शाहले भन्नुभएको छ, "शिक्षालय र कर्मचारीतन्त्रलाई दलगत सङ्क्रमणबाट मुक्त गर्ने यो प्रयास हो। त्यसैले तपाईँहरूकै चाहनाअनुरुप अध्यादेशमार्फत यी विकृतिहरू हटाएका छौँ।" यस कार्यमा सरकारले सबैको साथ र विश्वासको अपेक्षा गरेको पनि बताउनुभएको छ। उहाँले भन्नुभएको छ, "तपाइँको साथ चाहिएको छ, विश्वास चाहिएको छ, किनकि परिवर्तन भाषणले होइन, निर्णयले आउँछ। हामी तपाईँहरूकै जनचाहनाबमोजिम काम गर्न सरकारमा आएका हौँ। तपाइँहरू ढुक्क हुनुहोस्, हामी जे गर्छौं आम नेपाली जनताकै हितमा गर्छौं।"

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक**
**कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)